

**के तपाईंको घर पानीले रसाएको छ ?**

**अब चिन्ता नगर्नुहोस !**

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।

सम्पर्कः प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेन्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क:

०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क ३२५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ पुस १ गते सोमबार ❑ 16 Dec. 2024 ❑ पृष्ठ ४+४ ❑ मूल्य रू. ५ ।–


## देशलाई विकृतिबाट सुकृतितर्फ लान अहिलेको सरकार : प्रधानमन्त्री

**रासस**

काठमाडौं, ३० मंसिर

प्रधानमन्त्री केपी शर्मा ओलीले राजनीतिक अस्थिरता अन्त्य गर्दै देशलाई विकृतिबाट सुकृतितर्फ लानका लागि वर्तमान संयुक्त सरकार बनेको स्पष्ट गर्नुभएको छ।

ज्यापु संस्कृति विकास कोषद्वारा आइतबार वसन्तपुरमा आयोजित २१औं राष्ट्रिय ज्यापु दिवसमा समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले मुलुकमा भएको राजनीतिक परिवर्तनलाई धरापमा पार्ने र परिवर्तनमा योगदान गरेका दललाई अनावश्यक भ्रम फैलाएर बदनाम गर्ने कोशिस भएकाले ठूलाठूला दलको सहकार्यमा सरकार बनेको बताउनुभयो। यो सरकार केबल सरकार बनाउनका लागि नभई मुलुकका समृद्धि र स्थिरताको यात्रालाई अगाडि बढाउन गठन भएको उहाँको भनाइ थियो।

"गुठीको संरक्षण गर्न कानुन बनाउनुपर्छभन्दा मविरुद्ध भ्रम फैलाइएर विरोध गरियो। प्रहार गरियो । भ्रष्टाचारमा उजुरी परेका माथि २०औं वर्षसम्म होइन सकेसम्म छिटो र बढीमा पाँच वर्षभित्र छिनोफानो हुनुपर्छभन्दा भ्रष्टाचार गरेकालाई बचाउन खोज्यो भनेर गलत प्रचार गरियो । यस्ता हल्लाहरु नेपालमा भाँडभैलो मच्चाउने प्रयासका उपज हुन्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपाल भाँड्नका लागि र हाम्रो एकता भत्काउनका लागि कतिपयले हल्ला गर्ने गरेका छन् तर हामी साम्प्रदायिक विद्षका पछाडि होइन, सामाजिक सद्भावमार्फत राष्ट्रिय एकता ल्याउन चाहान्छौँ। यो जातलाई खेद, अर्को जातलाई खेद भन्दैनौँ। बैंकको ऋण नतिर भन्दैनौँ । नयाँ नेपाल निर्माणको महान अभियानमा हामी छौँ । नेपाललाई गरिबीबाट समृद्धि र सुखी बनाएरै छाड्नेछौँ।"





प्रधानमन्त्री ओलीले अहिले आफूहरुले जे दुःख भोगेका छौँ त्यस्ता दुःखः हाम्रा छोरानातिहरुले दुःख भोग्नु नपरोस् भनेर सरकारले गम्भीरताका साथ काम गरिरहेको जनाउँदै सबै जाति, भाषी, आस्था र विश्वासका मानिस एकजुट भएर समाजलाई सभ्य र एकताबद्ध बनाउन आवश्यक रहेको बताउनुभयो।

सामाजिक सञ्जालमा सुन्न र हेर्न नसकिने भाषा होइन, सभ्य र सुसंस्कृत हुँदै आत्मीयता र भ्रातृत्वका साथ नेपाल र नेपालीको एकता बचाउन पनि आग्रह गर्नुभयो।

नेपालका सबै संस्कृतिभन्दा नेवारी संस्कृति इतिहास, निरन्तरता र मौलिक संस्कृति भएको संस्कृति भएको उल्लेख गर्दै उहाँले ज्यापु संस्कृतिलाई अगाडि बढाउन सफलता मिलोस् भनी कामना गर्नुभयो। राज्यकोषमा धेरै रकम नभए पनि ज्यापु दिवस मनाउन नेपाल सरकार, मन्त्रिपरिषद्बाट रु १० लाख सहयोगको निर्णय गरेको जानकारी दिँदै प्रधानमन्त्री ओलीले ज्यापु गुठीका लागि अक्षयकोषमा सक्दो रकमवृद्धि गर्ने विश्वास दिलाउनुभयो।

उहाँले नेवारी संस्कृति र परम्पराले विश्वमा बेग्लै पहिचान दिएर राष्ट्रिय गौरव बढाउन योगदान दिएको बताउनुभयो । आफ्नो मर्यादित संस्कृति र परम्परालाई निरन्तरता दिएकामा धन्यवाद दिँदै धार्मिक र सांस्कृतिक सम्पदालाई प्रोत्साहन गर्न सरकार तत्पर रहेको बताउनुभयो। कार्यक्रममा प्रधानमन्त्री ओलीले विभिन्न पुरस्कार तथा सम्मान वितरणका साथै वार्षिक जात्रासम्बन्धी डिजिटल सामग्री र पुस्तक विमोचन गर्नुभयो। उपप्रधानमन्त्री एवं सहरी विकासमन्त्री प्रकाशमान सिंह, बागमती प्रदेशका संस्कृति, पर्यटन तथा सहकारीमन्त्री विमल ठकुरी, काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोललगायत उपस्थित हुनुहुन्थ्यो।

## हिसान गण्डकी अध्यक्षमा डा. शर्मा निर्वाचित

**पोखरापत्र संवाददाता**

पोखरा ३० मंसिर

उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ नेपाल (हिसान) गण्डकीको अध्यक्षमा कास्कीका डा. रामजी शर्मा निर्वाचित भएका छन्।

संस्थाको दोस्रो अधिवेशनबाट डा शर्मा अध्यक्ष पदमा सर्वसम्मत निर्वाचित भएका हुन् । उनी पोखरास्थित न्यू ग्यालेक्सी स्कुलका प्राचार्य हुन्। संस्थाको वरिष्ठ उपाध्यक्षमा नवलपुरका छविलाल कंडेल, उपाध्यक्षमा





धौलागिरिका बालकृष्ण शर्मा, सचिवमा कास्कीका डिल्लीराम अधिकारी, सहसचिवमा कास्कीका अशोक शाही, कोषाध्यक्षमा कास्कीका टुवराज बास्तोला, सहकोषाध्यक्षमा स्याङ्जाका दीपक शर्मा मरासिनी निर्वाचित भए। यस्तै कार्यसमिति सदस्यमा नवलपुरका लक्ष्मण कंडेल, धौलागिरिका सुदर्शन कुमार श्रेष्ठ, कास्कीका पम्फा गुरुङ, विशेश्वर आचार्य, नारायण न्यौपाने र अर्जुन प्रसाद पाण्डे छन्।

## म्याग्दीमा लाटोकोसेरो संरक्षण अभियान

**पोखरापत्र संवाददाता**

पोखरा, ३० मंसिर

'प्रकृतिका साथीहरू' नामक संस्थाले म्याग्दीमा लाटोकोसेरो संरक्षण अभियान सुरु गरेको छ।

वयट्ली फन्ड फर नेचर (डब्लुएफएन) अवार्डको सहयोगमा यहाँका विद्यालय र समुदायस्तरमा उक्त अभियान सुरु गरिएको 'प्रकृतिका साथीहरू' संस्थाका लाटोकोसेरो संरक्षणदूत आयुष ढुङ्गानाले जानकारी दिनुभयो। अभियन्ता ढुङ्गानाका अनुसार अङ्ग्रेजीमा 'आउल' भनिने यो पक्षी किसानको साथी हुँदाहुँदै पनि हेपिएको पक्षी मानिन्छ। आकारमा सानो र ठूलो हुने यस पक्षीको सानो प्रजातिलाई लाटोकोसेरो र ठूलोलाई हुचिल भनिन्छ । दिउँसो यिनको हेर्ने क्षमता कमजोर हुन्छ। ठूलाठूला आँखा हुने यो प्रजातिको तीनवटा परेला हुन्छन् । यो चराको बासस्थान तराईदेखि हिमालसम्म पाइन्छ । अभियानअन्तर्गत



विभिन्न विद्यालय र समुदायस्तरमा जनचेतना शिविर आयोजना गर्न लागिएको उहाँले बताउनुभयो । अर्का अभियन्ता तथा लाटोकोसेरो संरक्षण दूत सुदर्शन पराजुलीले लाटोकोसेरोको संरक्षण गर्न जङ्गलका पुराना र बूढा रुख जोगाउनुपर्ने, गुलेली प्रतिबन्धित क्षेत्र घोषणा गर्नुपर्ने बताउनुभयो। पराजुलीले संसारभर दुई सय ५० प्रजातिका लाटोकोसेराको अभिलेख गरिएको र नेपालमा २३ प्रजाति भेटिएको बताउनुभयो । एउटा लाटोकोसेरोले फूल पारेर बच्चा हुर्काउने बेलासम्म तीन हजार मुसा खाने भएकाले यिनलाई किसानको साथी भनिने उहाँले जानकारी दिनुभयो । प्रकृतिलाई सन्तुलित राख्न लाटोकोसेरोको उत्तिकै महत्त्वपूर्ण भूमिका रहन्छ।

पछिल्लो समय चोरीसिकारीका कारण यसको सङ्ख्या दिनप्रतिदिन घट्दै गएको छ । लाटोकोसेरो संरक्षणका लागि वार्षिक लाटोकोसेरो तथा हुचिल उत्सवसमेत हुँदै आएको छ। लाटोकोसेरोलाई धनकी देवी लक्ष्मीको बाहनका रूपमा पनि लिइन्छ।

## तीन महिने वडा केन्द्रित अभियान सञ्चालन गर्ने एमाले भेलाको संकल्प

**रासस**

काठमाडौं, ३० मंसिर

नेपाल कम्युनिष्ट पार्टी (एमाले) को केन्द्रीय सङ्गठन विभागद्वारा आयोजित स्थानीय तहमा पार्टी कामका समस्या र समाधान विषयक दुई दिने राष्ट्रिय कार्यशाला छ बुँदे घोषणा गर्दै सम्पन्न भएको छ।

पार्टी केन्द्रीय कार्यालयमा आज सम्पन्न कार्यशालाले एमालेलाई निर्णायक राष्ट्रिय शक्ति निर्माणको लागि माघदेखि चैत्रसम्म तीन महिने वडा केन्द्रित अभियान सञ्चालन गर्ने सङ्कल्प गरेको छ।

देशभरिबाट पार्टीका कार्यकारी जिम्मेवारीमा रहेका प्रदेश, जिल्ला जनसङ्गठन र तोकिएका जनप्रतिनिधिसहित तीन सय जनाको सहभागितामा सम्पन्न भेलाले स्थानीय तहसम्म कमिटी निर्माण गर्ने र सदस्यता विस्तारसँगै जनतासँग जनसङ्गठन अभियान सञ्चालन गर्ने सङ्कल्प गरेको छ।

कार्यशालाले २०८२ सालको पार्टी सदस्यता नवीकरण २०८१ को चैत्र महिनाभित्रै विधिसम्मत र प्रक्रियासम्मत ढङ्गले सम्पन्न गर्ने सङ्कल्प गरेको छ । यसै वर्षभित्र सम्पूर्ण पार्टी सदस्यलाई अनलाइनमा ल्याउने सङ्कल्प पनि बैठकले गरेको छ।

आगामी चैत महिनासम्म राष्ट्रिय युवा महोत्सवको आयोजना गर्न कार्यशालाले पार्टी केन्द्रसँग आग्रह गरेको छ। कार्यशालाले पार्टी


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पेट्रोलको मूल्य बढ्यो, डिजेल र मट्टितेलको मूल्य घट्यो

**रासस**

काठमाडौं, ३० मंसिर

नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ भने डिजेल र मट्टितेलको मूल्य घटाएको छ । निगम सञ्चालक समितिको आइतबारको बैठकले राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलमा प्रतिलिटर दुई रुपैयाँ तथा डिजेल र मट्टितेलमा प्रतिलिटर दुई रुपैयाँ घटाएको हो।

निगमले पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर एक सय ५९ रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि प्रतिलिटर एक सय ६१ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ६२ रुपैया तोकेको छ। यस्तै डिजेल र मट्टितेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ४८ रुपैयाँ ५० पैसा, दोस्रा वर्गका लागि प्रतिलिटर एक सय ५० रुपैयाँ र तेस्रो वर्गका लागि एक सय ५१ रुपैयाँ निर्धारण गरिएको छ।

निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौं, पोखरा र दिपायल तोकेको छ।

डिपोदेखि १५ किलोमिटरसम्मकालीगपेट्रोलियम पदार्थको नयाँ खुद्रा बिक्री मूल्य लागू हुने निगमले जनाएको छ।

## तनहुँ जलविद्युत् आयोजनाको एक हजार चार सय ९३ मिटर लामो सुरुङ निर्माण

**पोखरापत्र संवाददाता**

तनहुँ, ३० मंसिर

तनहुँ जलविद्युत् आयोजनाको प्याकेज-२ अन्तर्गत जलाशयको मुहान (इनटेक) बाट सुरू भई पेनस्टक पाइप रहने स्थानसम्मको एक हजार चार सय ९३ मिटर लामो सुरूङ 'ब्रेक थ्रो (छिचोलेको) छ।

मुख्य सुरूङबाट गएको पानीलाई दुई सय १३ मिटर लामो पेनस्टक पाइपमार्फत भूमिगत विद्युतगृहमा खसाली विद्युत् उत्पादनका लागि कङ्क्रिट लाइननिङ कार्य भइरहेको छ।

उक्त कार्यका लागि पेनस्टक पाइप जडानकार्य अन्तिम चरणमा पुगेको आयोजनाका सञ्चारविज्ञ सचिन गौतमले जानकारी दिनुभयो । आयोजनाको सुरूङ, विद्युतगृह निर्माण र हाइड्रोमेकालिन तथा इलेक्ट्रोमेकानिकल उपकरण आपूर्ति, जडान तथा सञ्चालनलगायत प्याकेज-२ को निर्माणकार्य सिनो हाइड्रो कर्पोरेसन चीनले गरिरहेको छ।

विद्युतगृहका सिभिल संरचना निर्माणकार्य पनि अन्तिम चरणमा रहेको आयोजनाले जनाएको छ। स्वीजयार्ड निर्माण, विद्युतगृहमा रहने उपकरण जडानलगायतका कार्य भइरहेका छन् । टेलरेस निर्माण सम्पन्न भएको छ। यस प्याकेजको समग्र भौतिक प्रगति करिब ६२ प्रतिशत छ । प्याकेज-३ अन्तर्गत दमौलीबाट चितवनको भरतपुरसम्म दुई सय २० केभीको डबल सर्किट प्रसारण लाइन निर्माणका केइसी इन्टरनेशनल लिमिटेड, भारतले गरिरहेको छ।

सञ्चारविज्ञ गौतमका अनुसार ३४ दशमलव ७ किमी प्रसारण लाइनमा पर्ने ९४ वटा टावरमध्ये ७८ वटा टावरको जग हालिएको छ भने ६९ वटा टावर खडा गरिएको छ। उक्त प्याकेजको समग्र निर्माण प्रगति ७४ प्रतिशत रहेको छ । एसियाली विकास बैंक (एडिबी) र नेपाल विद्युत् प्राधिकरणको उच्चस्तरीय टोलीले तनहुँस्थित सेती नदीमा निर्माणाधीन एक सय ४० मेगावाट जडित क्षमताको जलाशययुक्त तनहुँ जलविद्युत् आयोजनाको निर्माणकार्यले गति लिइरहेको छ।

मुख्य संरचनालाई तीन प्याकेजमा विभाजन गरी निर्माणाधीन आयोजनाको समग्र प्रगति ६३ प्रतिशत रहेको छ।

समग्र निर्माण २०८३ असारभित्र (सन् २०२६ मे) सक्ने लक्ष्य राखिएको आयोजनाका म्यानेजिङ डाइरेक्टर किरणकुमार श्रेष्ठले बताउनुभयो । उहाँका अनुसार ऋषिङ गाउँपालिका-१ र व्यास नगरपालिका-५ को सिमाना भएर बग्ने सेती नदीमा १४० मिटर उचाइको मुख्य बाँध निर्माण गर्न लागिएको छ । प्याकेज-१ अन्तर्गत मुख्य बाँधको तल्लो तह क्षेत्रमा ग्राउटिङ भइरहेको छ", उहाँले भन्नुभयो, "क्रसर तथा चिस्यान प्लान्ट स्थापना गरी तयारी अवस्थामा राखिएको छ।"

मुख्य बाँध निर्माण छिट्टै सुरू गर्न लागिएको छ । प्याकेज-१ को निर्माण प्रगति करिब ३६ प्रतिशत छ । प्याकेज-१ को निर्माण सोङ दा कर्पोरेसन, भियतनाम-कालिका कन्सट्रक्सन प्रालि नेपाल, जेभीले गरिरहेको छ। कम्पनीको पुँजी संरचना तथा वित्तीय व्यवस्थापन आयोजनाको कूल लागत (प्रसारण लाइन, ग्रामीण विद्युतीकरण तथा निर्माण अवधिको ब्याजसमेत) ५० करोड ५० लाख अमेरिकी डलर रहेको छ। यसका लागि एडिबीले १५ करोड, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले १८ करोड ४० लाख, युरोपियन लगानी बैंकले आठ करोड ५० लाख र नेपाल सरकार/नेपाल विद्युत् प्राधिकरणले आठ करोड ६० लाख डलर बेहोर्ने गरी वित्तीय व्यवस्थापन गरिएको छ।


**जथाभावी औषधीको प्रयोग नगरौं**

जथाभावी औषधीको प्रयोगले स्वास्थ्यमा गम्भिर समस्या देखिन सक्छ। त्यसैले,

- ◆ मान्यताप्राप्त चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहविना औषधी सेवन नगरौ,
- ◆ बिरामी हुँदा घरमा बाँकि रहेका पुराना औषधी नखाऔं,
- ◆ अरूलाई सञ्चो भयो भन्दैमा देखासिकी गरेर सोही औषधीको प्रयोग नगरौं,
- ◆ सामान्य स्वास्थ्य समस्यामा एन्टिबायटिकको सेवन नगरौ,
- ◆ एन्टिबायटिक चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह अनुसार पुरा मात्रामा सेवन गरौं,
- ◆ म्याद नाघेका औषधीलाई जथाभावी नफालौ,
- ◆ जनावर तथा पशुपन्छीहरूलाई छिटो हुर्काउन वा तौल बढाउन एन्टिबायोटिकको प्रयोग नगरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड

# मिस तामाङ पोखरा माघमा हुने, तालिम शुरु

**पोखरापत्र संवाददाता**
पोखरा ३० मंसिर

पोखरामा नवौं संस्करणको मिस तामाङ पोखरा प्रतियोगिता हुने भएको छ। सोनाम ल्होसारको अवसरमा बैदाम तामाङ समाज पोखराले हरेक बर्ष जस्तै यस बर्ष पनि प्रतियोगिता आयोजना गर्न लागेको हो।

माघ १२ गते पोखरा सभागृहमा हुने मिस तामाङ पोखराका लागि १३ जना तामाङ समुदायको युवतीले सहभागिता जनाउने कार्यक्रम संयोजक रेश्मा ब्लोन तामाङले बताए । प्रतियोगिहरुलाई बिभिन्न बिषयमा प्रदान गरिने तालिमको शुरुवात गरिएको संयोजक तामाङले जानकारी दिएका छन्।



पहिलो दिनको ओरेन्टेशन कक्षाको सहजीकरण पोखरेली युवा साँस्कृतिक परिवारका निवर्तमान अध्यक्ष उपेन्द्र पौडेलले गरेका थिए । यस अघि नेपाल सरकार भाषा आयोजका पुर्व सदस्य भाषाविद अमृत योञ्जनले तालिमको औपचारिक रुपमा शुरुवात गरेका थिए । तालिमको उदघाटनमा बोल्दै भाषाविद योञ्जनले हरेक भाषाहरु चेपुवामा पर्दै गएको सन्दर्भमा युवा पुस्ताालाई आफ्नो संस्कार, भाषा र भेषभुषा प्रति रुची जगाउने यस्ता कार्यक्रमले संरक्षणमा महत्वपुर्ण भुमिका खेल्ने बताए । तालिमका सहजकर्ता पौडेलले भाषा, संस्कार र संस्कृति सकियो भयो कुनैपनि समुदायको अस्तित्व विलुप्त हुने हुँदा यसतर्फ युवा पुस्ता सचेत हुनुपर्ने बताए।

कार्यक्रममा रेडियो अन्नपुर्णका स्टेशन म्यानजेर तथा कार्यक्रमका तालिम र मिडिया संयोजक सन्जय मल्ल, नेपाल तामाङ घेदुङ गण्डकी उपाध्यक्ष शिबु ब्लोन तामाङ, नेपाल तामाङ घेदुङ समन्वय समिती कास्कीका सचिव मीनमाया तामाङ, मिस तामाङ पोखरा २०२४ का विजेता रोशिला ब्लोन तामाङ, नेपाल तामाङ घेदुङ संघिय सदस्य सुजन ब्लोन तामाङ, बैदाम तामाङ सेवा समाजका अध्यक्ष ज्याक तामाङ, राम लामा लगायतले बोलेका थिए। सहभागिहरुलाई हरेक दिन बिभिन्न विषयमा तालिम प्रदान गरिने कार्यक्रमका सहसंयोजक रोशिला ब्लोन तामाङले जानकारी दिएका छन्। प्रतियोगितामा लावनी तामाङ, सुप्रिया गोले तामाङ, सोनिका तामाङ, पुर्णिमा तामाङ, सुमिना तामाङ, प्रिन्सेस घिसिङ तामाङ, शिशा लामा, मञ्जिता पाख्रिन, जमुना लामा, सुनिता तामाङ, पवित्रा तामाङ, पुर्णिमा लामा र आकृति तामाङ सहभागी छन्।

बैदाम तामाङ सेवा समाज कास्कीले हरेक वर्ष ल्होसारको अवसरमा मिस तामाङ पोखरा तथा ल्होसार म्युजिकल फेष्टिभल गर्दै आएको छ।

# एनपिएलमा पोखरालाई पाँच रनले हराउँदै सुदूरपश्चिम प्लेअफमा

**रासस**
काठमाडौं ३० मंसिर

नेपाल प्रिमियर लिग (एनपिएल) अन्तर्गत आइतबारको दोस्रो खेलमा सुदूरपश्चिम रोयल्सले पोखरा एभेन्जर्सलाई पाँच रनले हराएको छ।

कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा आइतबार सुदूरपश्चिमले दिएको एक सय ५४ रन लक्ष्य पछ्याएको पोखराले १९ दशमलव चार ओभरमा सबै विकेट गुमाउँदै एक सय ४८ रनमा समेटियो। पोखराका लागि एन्ड्रिज गौसले सर्वाधिक ३६ रन बनाए। उनले २१ बलमा दुई छक्का र चार चौकाको मद्दतले ३६ रन बनाएका हुन् । त्यस्तै, रेमन रेफरले ३३, किरण ठगुन्नाले ३२, दिनेश खरेलले १५ र जेन मलिकले १० रन बनाए।

पोखराका लागि माइकल लिस्कले पाँच, सागर ढकाल र दिलीप नाथले समान एक/एक रन जोडे। यो खेलमा पोखराले अतिरिक्त १५ रन पाएको छ।

बलिङतर्फ सुदूरपश्चिमका स्कट कुग्गेलिजनले सर्वाधिक पाँच विकेट लिए । हरमित सिंहले तीन र सैफ जैबले एक विकेट हात पारे । त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको सुदूरपश्चिम रोयल्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ५३ रन बनाएको थियो । योसँगै सुदूरपश्चिम रोयल्स एनपिएलको 'प्लेअफ' चरणमा प्रवेश गरेको छ।

# इक्यान कास्कीको अध्यक्षमा ओम प्रकाश गैरे निर्वाचित

**पोखरापत्र संवाददाता**
पोखरा ३० मंसिर

नेपाल शैक्षिक परामर्श संघ (इक्यान) कास्की शाखाको अध्यक्षमा ओम प्रकाश गैरे निर्वाचित भएका छन्।

शनिबार पोखरामा सम्पन्न सातौं अधिवेशनले उनको नेतृत्वमा नयाँ कार्यसमिति निर्वाचित गरेको हो । उपाध्यक्षमा सन्तोष शाही, सचिवमा सुरेन्द्र बराल र कोषाध्यक्षमा देव बहादुर क्षेत्री निर्वाचित भएका छन्। कार्यसमिति सदस्यमा डम्बर बहादुर जिसी, बिक्रम बहादुर बस्नेत, राजन पन्थी, टंकराज बराल निर्वाचित भएका छन् । उपाध्यक्ष र सदस्य सर्वसम्मत हुँदा अन्य पदमा भने निर्वाचन भएको थियो।



अध्यक्षमा निर्वाचित गराउने सम्पूर्ण सदस्यहरुप्रति आभार व्यक्त गर्दै अध्यक्ष गैरेले सम्पूर्ण व्यवसायीलाई समेटेर संस्थाको नेतृत्व गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

# तनहुँको आँबुखैरेनीमा चितुवाको त्रास

**पोखरापत्र संवाददाता**
तनहुँ, ३० मंसिर

आँबुखैरेनी गाउँपालिका-३ का पानीघट्टा, आपचौतारा, चोकचिसापानी क्षेत्रमा दिनहुँ चितुवा देखिन थालेपछि यहाँका स्थानीय त्रसित भएका छन्।

पानीघट्टा क्षेत्रमा साँझपख चितुवा देखिएपछि स्थानीयवासी त्रसित भएका वडाध्यक्ष दिनेश केसीले बताउनुभयो। स्थानीयलाई आक्रमणबाट जोगाउन डिभिजन वन कार्यालयसँगको सहकार्यमा ती स्थानमा खोर राख्ने प्रयास थालिएको उहाँले जानकारी दिनुभयो । साथै उहाँले ती क्षेत्रका स्थानीयलाई सतर्क रहन आगह गर्नुभएको छ । यसअघि चोकचिसापानीमा एउटा खोर राखिएको थियो। गत शुक्रबार चोकचिसापानीमा दुईवटा चितुवा देखिएका थिए । एउटा चितुवालाई लामो समयसम्म रुखमा देखिएको स्थानीय प्रशन्न अधिकारीले बताउनुभयो।

यसैबीच, वन कार्यालयले राति घरगोठ उज्यालो राख्न, एक्लै नहिँड्न, बच्चा तथा वृद्धको विशेष ख्याल गर्न अनुरोध गरेको छ।

# दीपशिखा पुस्तकालयको अध्यक्षमा भण्डारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर

पोखरा महानगरपालिका वडा नं २९ भण्डारढिकमा रहेको दीपशिखा सामुदायिक पुस्तकालयको सत्रौं साधारण सभा तथा आठौं अधिवेशन आइतवार सम्पन्न भएको छ । अधिवेशनले कृष्णहरि भण्डारीको अध्यक्षतामा २ मनोनित सदस्य बाहेकका ११ सदस्यहरु निर्वाचित गरेको छ।

कार्यसमितिको उपाध्यक्षमा निर्मला पौडेल, सचिवमा पदमप्रसाद अधिकारी,कोषाध्यक्षमा माधव भण्डारी,सहसचिवमा मिनकुमारी डल्लाकोटी निर्वाचित भएका छन्।

यसैगरी सदस्यहरुमा विश्वराज पौडेल, चन्द्रबहादुर गुरुङ्ग, बिष्णुहरि पौडेल,कमला भण्डारी,एलिसा केसी र शान्ता पौडेल रहेका छन् । निर्वाचन समिति संयोजक बाबुराम सुवेदी सदस्यहरु दीपकमणि भण्डारी र नवराज तिवारी सहित स्थापनाकालका अध्यक्ष ईश्वरबहादुर हमालले सपथ ग्रहण गराएका थिए। साधारण सभा उद्धाटन गर्दै नेपाल सरकारका पूर्व गृह,स्वास्थ्य तथा जनसंख्या मन्त्री एवम् गण्डकी प्रदेशका निवर्तमान मुख्यमन्त्री खगराज अधिकारीले पुस्तकालय ज्ञानको भण्डार भएकाले पाठकहरु निरन्तर पुस्तकालय आउने वातावरणका लागि लागिरहन निर्वाचित हुने कार्यसमितिलाई आग्रह गरे । उनले नमुना पुस्तकालयको रुपमा अगाडि बढ्न शुभकामना दिएका थिए।



साधारणसभामा पुस्तकालयका कार्यसमितिका सचिव पदमप्रसाद अधिकारीका नीति नियमहरु, प्रगति प्रतिवेदन सहित भावी योजना,कोषाध्यक्ष माधव भण्डारीको आर्थिक प्रतिवेदन पारित भएका थिए । कार्यक्रममा पोखरा महानगरपालिका कार्यपालिका सदस्य एवम् वडा नं २९ की वडा सदस्य समेत रहेकी पुस्तकालयकी उपाध्यक्ष निर्मला पौडेलले स्वागत गरेकी थिइन् । पोखरा महानगरपालिका वडा नं २९ का निवर्तमान वडाध्यक्ष चेतबहादुर गुरुङ, वडा नं ३२ का वडाध्यक्ष अक्कलबहादुर कार्की, लेखनाथ उद्योग वाणिज्य संघका उपाध्यक्ष विनोद श्रेष्ठ लगायतले शुभकामना मन्तव्य राखेका थिए। पुस्तकालयमा सञ्चालन भएको टेक एज गल्स परियोजना रुपा नेपाली, जेनिसा नेपाली, सचिना तिवारी लगायतले बोलेका थिए।

पाठक सदस्य सम्मान अन्तर्गत विशेष ढकाल, वेदप्रसाद शर्मा ,कविता परियारलाई सम्मान गरिएको थियो । वि.सं २०५९ मा कास्की जिल्ला प्रशाशन कार्यालयमा दर्ता भई दीपशिखा वाचनालयको नामबाट सञ्चालन हुदै आएको दीपशिखा सामुदायिक पुस्तकालय शिक्षा तथा प्रविधि मन्त्रालयबाट उत्कृष्ट पुस्तकालयको पुरस्कार पाउन सफल पुस्तकालय लेखनाथ क्षेत्रकै नमुना पुस्तकालयको रुपमा २०६९ सालदेखि नियमित सञ्चालन भईरहेको छ ।यो पुस्तकालयले समाज कल्याण परिषद र नेपाल सामुदायिक पुस्तकालय सघं बाट समेत सम्वन्धन प्राप्त गरिसकेको छ।

१५३ आजीवन सदस्यहरु रहेको यो पुस्तकालयमा पुस्तक तथा पत्रपत्रिका प्रयोगकर्ताहरुको सङ्ख्या बार्षिक १५,००० भन्दा बढी रहेको छ । सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्र समुदायकै पहल कदमीमा आफ्नै सुविधा सम्पन्न भवन निर्माण गरी विगत १० वर्ष देखि निःशुल्क रुपमा विभिन्न किसिमका सेवाहरु जस्तै शिक्षा, कम्प्युटर तालिम, स्वास्थ्य, कृषि, पशू स्वास्थ्य, महिला शशक्तिकरण, जलवायू परिर्वतन, विपद व्यव्स्थापनका साथै विभिन्न सिपमूलक तालिमहरु प्रदान गर्दै आएको छ।

# मनाइयो योमरी पूर्णिमा

**रासस**
काठमाडौं, ३० मंसिर

नयाँ धान भित्र्याएको खुसियालीमा नेवार समुदायले आज योमरी पूर्णिमा पर्व हर्षोल्लासका साथ मनाएका छन्।

योमरी पूर्णिमालाई योमरी पुन्हि पनि भनिन्छ। नेवार समुदायको ठूलो चाडका रूपमा मनाइने यस दिनलाई खाद्य पदार्थको रसिलो चाडका रूपमा पनि लिइन्छ । योमरी नयाँ धानको चामलको पीठो, चाकु र तिलबाट बनाइन्छ । योमरी बनाउन आज बिहान सबेरैदेखि घरका महिला व्यस्त भएका थिए । नुहाइधुवाइ, घरमा लीपपोत गरेर योमरी पकाउने प्रचलन छ । यो पर्वलाई नेवार समुदायले नवान्नप्राशनका रूपमा समेत मनाउने गरेको संस्कृतिविद् प्रकाशमान श्रेष्ठ 'सक्व' बताउनुहुन्छ। योमरीमा तिलसमेत राखेर डल्लो बनाइन्छ।

# पोखरा महोत्सवको स्टल बुकिङ खुल्ला

**पोखरापत्र संवाददाता**
पोखरा ३० मंसिर

१३ औं संस्करणको पोखरा महोत्सवको लागि स्टल बुकिङ खुल्ला गरिएको छ।

युनाईटेड क्लबको आयोजनामा आगामी पुषको २५ देखि माघको ७ गते सम्म पोखराको अमरसिंह चौरमा आयोजना हुने १३ औं संस्करणको पोखरा महोत्सवका लागि स्टल बुकिङ खुल्ला गरिएको हो।

महोत्सव सम्पन्न गर्न आयोजित विभिन्न उपसमिति संयोजक तथा महोत्सव सल्लाहकारहरुको बैठकको निर्णय अनुसार महोत्सव आयोजक युनाईटेड क्लबले महोत्सवको स्टल पुष १ गते दिनको दुई बजे देखि स्टल बुकिङ खुल्ला गरिएको महोत्सव प्रचार प्रसार संयोजक दिनेश सुनारले जानकारी दिए।


महोत्सवमा विशेष गरी पर्यटन, कृषि, अटो लगायतका स्टलहरु लाई विशेष छुट प्रदान गरिने महोत्सवका अर्थ तथा स्टल ब्यवस्थापन उपसमिति संयोजक जयराम आचार्यले जानकारी दिए।

स्टल बुकिङका लागि युनाईटेड क्लबको कार्यालय शान्तिपथ पोखरा १० अमरसिंहमा सम्पर्क गर्नुपर्ने महोत्सव सचिवालय उपसमिति संयोजक सुक बहादुर गुरुङले जानकारी दिए।

# तीन महिने ...

र नेतृत्वविरुद्धका षडयन्त्र र कुप्रचारको प्रतिवाद गर्दै पार्टी नीति, नेतृत्व र राजनीतिक कार्यदिशालाई जनताबीच स्थापित गर्ने सङ्कल्प गरेको छ । कार्यशालामा पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओलीले विशेष सम्बोधन गर्नुभएको थियो। यसै गरी पार्टीका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल, उपाध्यक्ष विष्णु पौडेल, महासचिव कमरेड शङ्कर पोखरेलले पनि कार्यशालालाई सम्बोधन गर्नुभएको थियो।

कार्यशालाका सहभागीलाई १० वटा समूहमा विभाजन गरी छलफल गरिएको थियो । समूह छलफलमा प्रदेशका इन्चार्ज र संगठन विभागका सदस्यले सहजीकरण गर्नुभएको थियो।




फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# दक्षिण कोरियाका राष्ट्रपतिलाई महाअभियोग

दक्षिण कोरियाका संसदले राष्ट्रपति युन सुक योलमाथि लगाइएको महाभियोग प्रस्ताव शनिबार पारित गरेको छ । महाभियोग प्रस्ताव पारित भएपछि विपक्षीले 'जनताको विजय' भएको घोषणा गरेका छन् । डिसेम्बर ३ मा सैनिक शासन लागू गर्ने युनको असफल प्रयासपछि दक्षिण कोरियामा एक हप्ताभन्दा बढी तीव्र राजनीतिक तनाव निम्त्याएको थियो । राष्ट्रपतिविरुद्धको महाभियोग प्रस्ताव संसदबाट पारित भएसँगै सोलको सडकमा शनिबार युनको पक्ष र विपक्षमा हजारौंको संख्यामा र्याली निकालिएको थियो ।

कूल ३०० संसद सदस्य रहेको कोरियाली संसदमा २०४ सांसदले विद्रोहको आरोपमा राष्ट्रपतिविरुद्ध महाभियोग लगाउने पक्षमा मतदान गरेका छन् भने ८५ जनाले विपक्षमा मतदान गरेका छन् । मतदानमा तीन सांसद अनुपस्थित रहेका धर आठ मत बदर भएको छ । महाभियोगसँगै युनलाई पदबाट निलम्बित गरिएको छ भने दक्षिण कोरियाको संवैधानिक अदालतले मतदानपछिको अवस्थाबारे छलफल सुरू गरेको छ । अदालतलाई युनको भविष्यबारे फैसला गर्न १८० दिनको समय दिइएको छ ।

यदि उनलाई पदबाट हटाइयो भने युन दक्षिण कोरियाको इतिहासमा सफलतापूर्वक महाभियोग लगाइने दोस्रो राष्ट्रपति बन्नुहुनेछ । प्रधानमन्त्री हान डक सोले राष्ट्रपतिविरूद्धको महाभियोग प्रस्ताव पारित भएसँगै पत्रकारसँगको कुराकानीमा भने, "दक्षिण कोरियाली प्रधानमन्त्रीको रुपमा मेरो सम्पूर्ण शक्ति र प्रयास स्थिर शासन सुनिश्चित गर्न समर्पित हुनेछ ।" महाभियोग पारित हुन दुई सय मत आवश्यक थियो र विपक्षी सांसदहरूले युनको कन्जरभेटिभ पिपुल पावर पार्टी (पीपीपी) का कम्तीमा आठ जना सांसदलाई दल बदल्न राजी गराउन आवश्यक थियो । "आजको महाभियोग जनताको ठूलो जीत हो," विपक्षी डेमोक्रेयाटिक पार्टीका नेता पार्क चान-डेले मतदानपछि भनेका छन ।" उनले अबको १८० दिनभित्र आउने अदालतको फैसलाले कोरियाली जनतालाई प्रजातन्त्र र स्वतन्त्रताप्रतिको आत्म सम्मानलाई प्रकट गर्ने विश्वास हो ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : शुभ यात्रा |
| वृष | : मानसिक तनाब | वृश्चिक | : स्वास्थ्यमा सुधार |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : सहयोग मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : सत्कार मिल्नेछ |
| कन्या | : कार्यमा सफलता | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# डुम्रे भन्सार नयाँ सहरः जनसङ्ख्या आकर्षित गर्न चुनौती

**कृष्ण न्यौपाने**
दमौली, ३० मंसिर/रासस

पृथ्वीराजमार्गअन्तर्गत तनहुँको बन्दीपुर र भानु नगरपालिकामा अवस्थित डुम्रे भन्सार नयाँ सहर आयोजनाका रूपमा रहेको छ । आन्तरिक बसाईँसराइलाई व्यवस्थित गर्न मध्यमहाडी लोकमार्गको वरिपरि दश नयाँ सहर स्थापना गर्ने सरकारको नीतिअनुरूप विसं २०९० सम्ममा व्यवस्थित बस्तीसहितको पूर्वाधार तयार गर्न तनहुँमा साविकको भानु गाउँ विकास समिति-१, २, ३, ४ र साविकको बन्दीपुर गाउँ विकास समिति-१, २, ३ र ४ समेटी नयाँ सहर आयोजना डुम्रे भन्सारको सुरूवात भएको हो ।

तीव्र रूपमा विकास भइरहेका तनहुँ सदरमुकाम दमौली पोखरा र भरतपुर नजिक पर्ने भएकाले यहाँ पर्याप्त जनसङ्ख्यालाई आकर्षित गर्न चुनौती थपिएको नयाँ सहर आयोजना डुम्रे भन्सारका कार्यालय प्रमुख अभिषेक अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "यस ठाउँलाई नमूना सहर बनाउने लक्ष्यसहित सरकारले नयाँ सहर घोषणा गरेको हो । नजिकै पर्ने ठूला सहरका कारण यहाँ बस्ती विकासमा समस्या भइरहेको छ ।"

बस्ती विकास कार्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएकामा सोको समाधान गर्न तथा त्यसका लागि स्थानीय जनतालाई सहमत गराउन चुनौती रहेको अधिकारीको भनाइ छ । "सहरको मुख्य आवश्यकताका रूपमा रहने शिक्षा, स्वास्थ्य र औद्योगिक पूर्वाधार निर्माण गर्नुपर्ने स्थानीय जनताको माग छ । ती मागमा नयाँ सहरको लगानी शून्य भएकाले जग्गा विकास कार्यक्रम अगाडि बढाउन समस्या भइरहेको छ", उहाँले भन्नुभयो । कार्यालय प्रमुख अधिकारीले कार्यालयले विभिन्न आर्थिक, प्राविधिक तथा व्यवस्थापकीय समस्या भोगिरहेको भन्दै समथर भूभागमा जग्गा प्राप्तिको समस्या, भिरालो भूभागमा पूर्वाधार विकास गर्न कठिनलगायत रहेका जानकारी दिनुभयो । स्थानीय तहको योजना छनोटमा सक्रियता भए पनि योजना कार्यान्वयनका क्रममा उत्पन्न भएका समस्याको सहजीकरणमा अभाव देखिएको उहाँले उल्लेख गर्नुभयो ।

व्यवस्थित र योजनाबद्ध सहर र बस्ती विकासलाई अगाडि बढाउन शिक्षा, स्वास्थ्य, औद्योगिक पूर्वाधार, कृषिको आधुनिकीकरणलगायत क्षेत्रका लागि आवश्यक पूर्वाधारमा लगानी गर्नुपर्ने अधिकारीले जोड दिनुभयो । उहाँले भन्नुभयो, "२० वर्षमा रु ४४ अर्ब लगानी यस नयाँ सहरको कार्यक्षेत्रमा गर्ने भनी सुरू भएको आयोजनाको हाल दश वर्ष बितिसक्दा अपेक्षित पर्याप्त लगानी भएको पाइँदैन । नयाँ सहर आयोजनाको समग्र विकासमा लगानी बढाउनुपर्ने देखिन्छ ।"

नयाँ सहर आयोजना डुम्रे भन्सारको कार्यक्षेत्रअन्तर्गत बन्दीपुर क्षेत्रमा पर्यटकीय विकाससँग सम्बन्धित विषयमा लगानी बढाउनुपर्ने आवश्यकता रहेको अधिकारीको भनाइ छ । त्यस्तै भानु नगरपालिकाको भन्सार लगायतका क्षेत्रमा व्यापार व्यवसाय र औद्योगिक पूर्वाधार साथै व्यावसायिक कृषिका लागि पूर्वाधार निर्माणमा लगानी बढाउनुपर्ने उहाँले बताउनुभयो ।

**रू ९५ करोड लगानी**

नयाँ सहर आयोजना डुम्रे भन्सारले आर्थिक वर्ष २०७२/७३ देखि आर्थिक वर्ष २०८०/८१ सम्म विभिन्न योजनामा रू ९५ करोड ८७ लाख लगानी गरेको छ । कार्यालयले भौतिक पूर्वाधार, सामाजिक पूर्वाधार, सांस्कृतिक तथा पर्यटन, आर्थिक पूर्वाधारलगायत क्षेत्रमा बजेट लगानी गरेको कार्यालय प्रमुख अधिकारीले बताउनुभयो ।

आर्थिक वर्ष २०७२/७३ मा रू तीन करोड ७४ लाख विनियोजन भएकामा रू दुई करोड ३६ लाख, आव २०७३/७४ मा रू १३ करोड २६ लाख विनियोजन भएकामा रू आठ करोड ८० लाख, आव २०७४/७५ मा रू २० करोड ६१ लाख विनियोजन भएकामा रू १९ करोड २४ लाख खर्च भएको अधिकारीले जानकारी दिनुभयो । उहाँका अनुसार आव २०७५/७६ मा रू सात करोड ३७ लाख विनियोजन भएकामा रू चार करोड ९१ लाख, आव २०७६/७७ मा रू १३ करोड दुई लाख विनियोजन भएकामा रू १० करोड २९ लाख, आव २०७७/७८ मा रू १४ करोड ५३ लाख विनियोजन भएकामा रू १३ करोड ४९ लाख, आव २०७८/७९ मा रू १९ करोड सात लाख विनियोजन भएकामा रू १० करोड ८५ लाख, आव २०७९/८० मा रू १७ करोड ५३ लाख विनियोजन भएकामा रू दश करोड ४४ लाख र गत आवमा रू १७ करोड ३७ लाख विनियोजन भएकामा रू १५ करोड ४४ लाख खर्च भएको छ ।

कार्यालयमार्फत् हालसम्म भौतिक पूर्वाधारतर्फ सडक सञ्जाल विस्तार, कालोपत्र, ग्राभेल र कच्ची सडक निर्माण भएका छन् । यस कार्यमा रू ६३ करोड लगानी भएको कार्यालय प्रमुख अधिकारीले उल्लेख गर्नुभयो । ढल व्यवस्थापनतर्फ ४३ किलोमिटर नाली निर्माण गरिएको अधिकारीले जनाउँदै बिजुली तथा सञ्चारतर्फ सोलार बत्ती जडानमा रु दुई करोड ९० लाख लगानी भएको उहाँले बताउनुभयो ।

कार्यालयले छ सय ४३ रोपनी जग्गा पहिचान गरी डुम्रे भन्सार जग्गा एकीकरण आयोजनाको प्रक्रिया सुरू गरेको जनाएको छ । त्यसका लागि विसं २०७४ पुस १० गते आयोजनाको चारकिल्लासहित नेपाल राजपत्रमा सूचना प्रकाशित भएको थियो । विसं २०७७ पुस १२ मा अन्तिम प्रतिवेदन बुझाइएको र बाटोको किल्ला तोक्ने कार्य सकिएको अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "अब नगर विकास समितिबाट स्वीकृत हुन बाँकी छ । जग्गा अधिग्रहण र जग्गा एक कित्ता कायम गर्न बाँकी रहेको छ ।"

# एकै वर्षमा तीन करोड बढीको कृषि उपज बिक्री

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३० मंसिर

यहाँको बेनी नगरपालिका-४ सिङ्गामा सञ्चालित हरियाली कृषि फार्मले एक वर्षको अवधिमा रु तीन करोडभन्दा बढी मूल्यको कृषि उपज बिक्री गरेको छ ।

गत आर्थिक वर्ष २०८०/८१ मा रु तीन करोड १६ लाख ६३ हजार चार सय ७८ मूल्य बराबरको अण्डा, सागसब्जी, माछा, फूल, मल आदि कृषिजन्य वस्तु बिक्री गरेको उक्त कम्पनीले जनाएको छ ।

कम्पनीले प्राकृतिक उपचारस्थलका रूपमा परिचित सिङ्गा तातोपानीमा स्नान र भ्रमणमा आउने पाहुनाका लागि सिङ्गामा रेष्टुरेष्ट र होटल पनि सञ्चालन गरेको कम्पनीका अध्यक्ष शेरबहादुर केसीले जानकारी दिनुभयो ।

गत वर्षको तुलनामा तरकारी तथा फलफूल, लेयर्स कुखुरा, लोकल कुखुरा, मल बिक्री र रेष्टुरेण्टतर्फको आम्दानी बढेको उहाँले जानकारी दिनुभयो । रु १२ करोड लगानी भएको हरियाली म्याग्दीको सबैभन्दा ठूलो कृषि फार्म हो ।

६४ जना शेयर सदस्यको रु चार करोड ८३ लाख शेयर पुँजी रहेको कम्पनीमा राष्ट्रिय वाणिज्य बैंकले रु पाँच करोड सहुलियतपूर्ण ब्याज अनुदानको ऋण लगानी गरेको छ । सिङ्गामा १७ परिवार किसानको ८५ रोपनी, आङेबगरमा १९ परिवारको ८५ रोपनी र भकिम्लीमा १० दशमलव पाँच रोपनी जग्गाधनीसँग भाडा सम्झौता गरेर कृषि फार्म सञ्चालन गरिएको छ ।

# कुखुरा पालेर मासिक एक लाख पचास हजार बचत

**पोखरापत्र संवाददाता**
बागलुङ, ३० मंसिर



बागलुङ नगरपालिका-७ कालिमाटीको ग्रिन ल्याण्ड बहुउद्देश्यीय कृषि फार्ममा पाँच हजार कुखुरा पालेर यहाँका एक उद्यमीले मासिक रु एक लाख ५० हजार बचत गर्दै आउनुभएको छ ।

स्थानीय ओमराज शर्माले सञ्चालन गर्नुभएको कुखुरा फार्मबाट दैनिक पाँच हजार अण्डाको बजारीकरण भइरहेको छ । बाह्र बर्ष कतार बसेर फर्कनुभएका शर्माले कुखुरापालनमा आम्दानी र जोखिम बराबर रहेको बताउनुभयो । "तीन हजार कुखुरा पाल्दै आएको थिएँ, हाल थप दुई हजारले अण्डा दिन सुरु गरेका छन्, दैनिक पाँच हजार अण्डा बजार बेच्ने गरेको छु", उद्यमी शर्माले भन्नुभयो । एक करोड ५० लाख लागतमा फार्म स्थापना गरी सञ्चालनमा ल्याएको बताउँदै उहाँले अण्डाको बजारीकरणका लागि बागलुङ बजारमा डिपो, एउटा पिकअप जिप र चार जनालाई प्रत्यक्ष रोजगारी दिनुभएको छ ।

फार्मको कमाइबाट आफू सन्तुष्ट रहेको बताउँदै अहिले कर्मचारीलाई तलब खर्च कटाए मासिक रु एक लाख ५० हजार बचत हुने गरेको उद्यमी शर्माले बताउनुभयो । अण्डा बिक्रीका लागि बजार अभाव नभएको बताउँदै बाहिरबाट आउने अण्डाका कारण मूल्य भने अस्थिर हुने गरेको उहाँले बताउनुभयो । किसानलाई स्थानीय सरकारले प्राविधिक सहयोग गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । कुखुरापालनभन्दा गाईबाख्रा पाल्न सहज हुने उहाँको अनुभव छ । त्यसैले अब उहाँ व्यावसायिक रूपमा गाई र बाख्रापालनको योजना कार्यान्वयनमा हुनुहुन्छ ।

# उपकार सहकारीको अध्यक्षमा पुनः पहारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर




पोखरा महानगर पालिका वडा नं- ६ बैदाममा स्थित उपकार बचत तथा ऋण सहकारी संस्था पोखराको छैठौ अधिवेशनबाट अध्यक्षमा सुर्यनाथ पहारी निर्विरोध निर्वाचित भएका छन् ।

शनिबार सम्पन्न अधिवेशनले सुर्यनाथ पहारी अध्यक्षतामा ९ सदस्यीय सञ्चालक समिति र ३ सदस्यीय लेखा समिति निर्वाचित गरेको छ । संस्थाको उपाध्यक्षमा सुन्दरराज पहारी, सचिव कृष्ण कुमारी पौडेल, कोषाध्यक्ष बैकुण्ठ ढुङ्गाना चयन भएका छन् । सदस्यहरुमा राम खाण, कृष्ण प्रसाद बास्ताकोटी, भगिरथी क्षेत्री, हरि प्रसाद पहारी र रश्मिता बराल सर्वसम्मत निर्वाचित भएका हुन् । लेखा समितिको संयोजकमा अर्मत भुजेल सदस्यहरु हेरम्ब राज अधिकारी र हेमराज चालिसे रहेका छन् ।। तेसै गरि सभाले ऋण उपसमिति र शिक्षा उपसमिति समेत गठन गरेको छ । ऋणसमितिमा धनपति पौडेल र लक्ष्मी सुबेदी रहेका छन भने शिक्षामा हरिराज कोइराला र सिर्जना शर्मा भण्डारी चयन भएको निर्वाचन समितिका संयोजक तथा अधिवक्ता मदन प्रसाद तिवारीले जानकारी दिए ।

साधारणसभाको उद्घाटन गर्दै प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं ६ का वडाध्यक्ष विष्णु बहादुर भट्टराइले ले सहकारी संस्थाहरु नियम र कानुन अनुसार सञ्चालन हुनुपर्ने बताए । विषम परिस्थितिमा पनि संस्थाले आफ्ना शेयर सदस्यहरु प्रति गरेको सहयोगको प्रशंसा गरे । उनले संस्थाका गतिविधिमा शेयर सदस्यहरुले चनाखो भई आर्थिक पारदर्शितामा ध्यान दिनुपर्ने कुरामा जोड दिए । नवनिर्वाचित अध्यक्ष सूर्यनाथ पहारीले सहकारी प्रति जनमानसमा परेको नकरात्मक सोच र सहकारीको बिसंगती विरुद्ध लडनका लागि संचालक समिति मात्र सक्षम भएर नहुने बताउदै कर्मचारीहरुको नियत सफा हुनु पर्ने बताए । पहारीले शेयर सदस्यहरुको हकहितलाई मध्यनजर गर्दै आगामी दिनमा नयाँ कार्य योजना अगाडी बढाउने प्रतिबद्धता व्यक्त गरे । सचिव सुन्दरराज पहारीले सहकारीलाइ पोखराकै उत्कृष्ट सहकारी रुपमा अगाडी बढाउने गृहकार्यमा लागि परेको बताउदै, सबैको साथ सहयोग को आवश्यकता रहेको बताए । कार्यक्रममा संस्थाका उपाध्यक्ष दर्गा देवी पहारी, सल्लाहकार फत्त बहादुर थापा र शेयर सदस्य तुलसी दाहाल र सदस्य लक्ष्मी सुबेदी लगायतले सहकारी संस्थाले बचतकर्ताको विश्वास जित्ने गरी काम गर्नुपर्नेमा जोड दिएका छन् ।

# सृजना मा. वि. को स्पोर्ट मिट सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, ३० मंसिर



शैक्षिक एवम् पर्यटकीय नगरी पोखरा-८, सृजनाचोक शान्तिमार्गमा अवस्थित सृजना सेकेण्डरी स्कुलको आयोजना तथा नेपाल युवा रेडक्रस सर्कल सृजना मा. वि.को व्यवस्थापनमा वार्षिक खेलकुद कार्यक्रम (सृजना स्पोर्ट मिट)-२०८१ सम्पन्न भएको छ ।

'विद्यार्थीहरूको सर्वाङ्गीण विकासका लागि खेलकुद' भन्ने मूल नाराका साथ यही मङसिर २६ र २७ गते दुई दिवसीय रूपमा नर्सरीदेखि कक्षा १० सम्मका विद्यार्थीहरूका बिच वृहत खेलकुद कार्यक्रम सञ्चालन भएको थियो । उक्त कार्यक्रममा तहगत रूपमा अन्तर्सदनात्मक तथा खुल्ला प्रतिस्पर्धात्मक गरी विभिन्न खेलहरू सम्पन्न भएका थिए । विद्यालयका प्राचार्य डोलराज पाण्डेको संयोजकत्वमा सम्पन्न उक्त खेलकुद कार्यक्रमको उद्घाटन नेपाल प्रहरीका प्रहरी सहायक निरीक्षक तथा विद्यालयका अभिभावक रामु ढकालले बेलुनको गुच्छा उडाएर समुद्घाटन गर्नुभएको थियो भने विद्यालयका सल्लाहकार कृष्णप्रसाद घिमिरेले उद्घाटन सत्रमा मन्तव्य राख्दै कार्यक्रमको उच्च सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो ।

विद्यालयको वार्षिक खेलकुद कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्नका लागि तहगत रूपमा विभिन्न खेलका खेलकुद संयोजकहरू चयन गरी जिम्मेवारी बाँडिएको थियो ।

सोही खेलबहरूको समापनसँगै विभिन्न खेलहरूमा विजयी छात्रछात्राहरूलाई पुरस्कार तथा मेडल वितरण कार्यक्रम सञ्चालन गरिने कुरा विद्यालयका भाइस प्रिन्सिपल इन्द्रकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

# सूर्योदय वोमी लघुवित्त वित्तीय संस्था लिमिटेड
Suryodaya Womi Laghubitta Bittiya Sanstha Limited
(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय : वनेपा-१३, साँगा, काभ्रेपलाञ्चोक
कर्पोरेट कार्यालय : महालक्ष्मी-४, ईमाडोल, ललितपुर
फोन नं.: ०१-५९१२७५२/०११-६६२२७५
Website : www.swmfi.com.np


# कर्जा भुक्तान गर्ने सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सार्वजनिक सूचना !

सूचना प्रकाशित मितिः २०८१/०९/०१ गते

यस वित्तीय संस्थाको तपसिलमा उल्लेखित ऋणीहरुले बिभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋण/ कर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक ताकेता गर्दा समेत नतिरी, नबुझाई ऋण/कर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लङ्घन गर्नु भएकोले ऋण/कर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस वित्तीय संस्थामा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋण/कर्जाको सम्पूर्ण साँवा, व्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्याद भित्र वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, व्याज, हर्जना व्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस वित्तीय संस्था बिच भएका लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने छ। धितो सूरक्षण मार्फत कर्जा लिएको भए धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असुल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कनूनी कारवाहिहरुको प्रक्रिया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमान/बाबुको नाम | बाजे/ससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्वर | जारी मिति | जारी स्थान |
| १ | स्याङ्गजा | मीना कुमारी सिं | बलराम सिंह ठकुरी | देव बहादुर सिंह ठकुरी | पुतलीबजार ०८, बाहाकोट, स्याङ्गजा | पोखरा | ४२३००४-७१ | २०६३/१०/१८ | स्याङ्गजा |
| २ | बयरघारी | साबित्री सिं ठकुरी | गंगा बहादुर सिं ठकुरी | दान बहादुर सिं ठकुरी | भिरकोट ०५, सिम्ले, स्याङ्जा | भिरकोट ०५, सिम्ले, स्याङ्जा | ४२.०२.७५.०४८१८ | २०७५/११/०६ | स्याङ्जा |
| ३ | बयरघारी | देबका कुमारी दमै | सन्त बहादुर दमै | जहरे दमै | वालिङ ०१, खहरे, स्याङ्जा | वालिङ ०१, खहरे, स्याङ्जा | ४९७५ | २०४५/०१/०५ | स्याङ्जा |
| ४ | बयरघारी | नेत्र कुमारी थापा | दुर्ग बहादुर थापा | गोमन बहादुर थापा | स्वरेक ०५, स्याङ्जा | वालिङ ०१, खहरे, स्याङ्जा | ४२३०३३/३२ | २०६३/१०/०७ | स्याङ्जा |
| ५ | बयरघारी | निर्मला सुनार | देब बहादुर सुनार | हिरालाल सुनार | ढापुक ०३, स्याङ्जा | वालिङ ०१, खहरे स्याङ्जा | ४२३०३२/१७४ | २०६३/०३/०८ | स्याङ्जा |
| ६ | चापाकोट | मञ्जु खवास | तिल बहादुर खवास | जित बहादुर खवास | सेखाम ३, स्याङ्गजा | सेखाम ३, स्याङ्गजा | ४२३०१८/२७ | २०७०/०२/०९ | स्याङ्गजा |
| ७ | चापाकोट | जूनिमाया उच्चै | केशर उच्चै | बोम बहादुर उच्चै | चापाकोट ७, स्याङ्गजा | चापाकोट ७, स्याङ्गजा | ४२-०२-७६-०२७३७ | २०७६/०६/०६ | स्याङ्गजा |
| ८ | चापाकोट | सिरमाया फाल | जूल बहादुर फाल | मनवीर फाल | चापाकोट ३, स्याङ्गजा | चापाकोट ३, स्याङ्गजा | ४२३००७/८७ | २०७६/११/०२ | स्याङ्गजा |
| ९ | चापाकोट | सोनू विश्वकर्मा | रामचन्द्र वि.क | प्रमान्द वि.क | चापाकोट ९, स्याङ्गजा | चापाकोट ९, स्याङ्गजा | ४२३०२०/३११ | २०६३/११/२६ | स्याङ्गजा |
| १० | चापाकोट | जूना दमै | मोहन बहादुर दमै | डिल बहादुर दमै | चापाकोट ९, स्याङ्गजा | चापाकोट ९, स्याङ्गजा | ४२३०१८/५३३ | २०६३/११/१६ | स्याङ्गजा |
| ११ | चापाकोट | गम माया थापा | कमल बहादुर थापा | पूर्ण बहादुर थापा | चापाकोट १०, स्याङ्गजा | चापाकोट १०, स्याङ्गजा | ४२३०२१/३४४ | २०६३/११/२९ | स्याङ्गजा |
| १२ | बिरुवा | लिली राना | प्रेम बहादुर राना | मिन बहादुर राना | बिरुवा अर्चले ४, स्याङ्जा | बिरुवा गा.पा. २, अर्चले स्याङ्जा | ९४९०४/९५९०४ | २०६१/११/१३ | सुनसरी |
| १३ | मिर्मी | बिष्णु राना | बिकास राना | टेक बहादुर राना | बिहादी गा.पा ६, पर्बत | बिहादी गा.पा ६, पर्बत | ६०५ | २०७१/१२/२९ | पर्बत |
| १४ | मिर्मी | नरिमाया स्वमै | टहल सिंह स्वमै | कर्न बहादुर स्वमै | कालीगण्डकी गा.पा ६, स्याङ्जा | कालीगण्डकी गा.पा ६, स्याङ्जा | १७६२५ | २०६१/१०/१२ | स्याङ्जा |
| १५ | मिर्मी | नमुना ढेंगा | हुम बहादुर थापा | नन्द बहादुर थापा | रुरु ग.पा २, गुल्मी | कालीगण्डकी गा.पा ५, स्याङ्जा | ४१३०२६/५८ | २०७०/०२/१४ | गुल्मी |
| १६ | मिर्मी | फुलमाया बि.क | प्रेम बहादुर कामी | उमा पति कामी | कालीगण्डकी गा.पा ४, स्याङ्जा | कालीगण्डकी गा.पा ४, स्याङ्जा | ४२३०२५/८४९ | २०६३/१०/२० | स्याङ्जा |
| १७ | मिर्मी | सुमित्रा कामी | पितम्बर कामी | जय बहादुर कामी | कालीगण्डकी गा.पा ४, स्याङ्जा | कालीगण्डकी गा.पा ४, स्याङ्जा | ४२३०२५/७३३ | २०६३/१०/१८ | स्याङ्जा |
| १८ | मिर्मी | चुनीमाया दर्लामी | याम बहादुर दर्लामी | बिर बहादुर दर्लामी | कालीगण्डकी गा.पा ६, स्याङ्जा | कालीगण्डकी गा.पा ६, स्याङ्जा | ४२३०२६/२२ | २०६३/१०/२२ | स्याङ्जा |
| १९ | त्रिवेणी | जस माया गुरुङ | कोम बहादुर गुरुङ | लाल बहादुर गरुङ | सिर्सेकोट ८, स्याङ्जा | वालीङ न.पा १२, स्याङ्जा | ४२३०४५/१०३ | २०७०/०२/१९ | स्याङ्जा |
| २० | त्रिवेणी | शान्ता कुमारी सनुवार | मन बहादुर राना | हर्क बहादुर राना | त्रिवेणी १, पर्वत | पैयु गा.पा २, पर्वत | ०५२०२८/२३४ | २०६४/०९/१७ | मोरङ |
| २१ | त्रिवेणी | बिमा नेपाली | राजिन नेपाली | याम बहादुर सार्की | बराचौर ९, पर्वत | विहादी गा.पा २, पर्वत | ५१-०१-७३-००४३८ | २०७३/०२/०५ | पर्वत |
| २२ | त्रिवेणी | सृजना रुचाल परियार | गोपाल बहादुर दर्जी | कर्ण बहादुर दजाी | शालीगाम ५, पर्वत | विहादी गा.पा ६, पर्वत | ५१३०४९/१०६ | २०७०/०२/१८ | पर्वत |
| २३ | त्रिवेणी | कल्पना सुनार | पेम बहादुर सुनार | मोहन सि सुनार | शालीगाम ३, पर्वत | विहादी गा.पा ६, पर्वत | ५१३०४९/९८ | २०६३/१०/१२ | पर्वत |
| २४ | त्रिवेणी | होम बहादुर नेपाली | दल बहादुर सार्की | मनीश्वर | बराचौर ९, पर्वत | विहादी गा.पा.२, पर्वत | ५१३०३०/६९ | २०६३/१०/०४ | पर्वत |
| २५ | त्रिवेणी | याम कुमारी थापा | गिर बहादुर थापा | धन बहादुर थापा | बेउलीबास १, पर्वत | पैयु गा.पा ३, पर्वत | ५१३०५५/११५ | २०७३/११/१९ | पर्वत |
| २६ | त्रिवेणी | खगीसरा थापा | सेर बहादुर थापा | धन बहादुर थापा | बालाकोट ९, पर्वत | पैयु गा.पा.४, पर्वत | १८०८४ | २०५४/०६/०१ | पर्वत |
| २७ | त्रिवेणी | पार्वती दर्जी | चुडामणी दर्जी | पदम बहादुर दर्जी | वाकीठाटी ४, पर्वत | विहादी गा.पा ४, पर्वत | ५१३०४७/२२ | २०६३/१०/१५ | पर्वत |
| २८ | त्रिवेणी | जैसरा पैडेल क्षेत्री | भुप बहादुर पैडेल | सेर बहादुर पैडेल | शालीगाम २, पर्वत | विहादी गा.पा. ६, पर्वत | ५१३०४९/५८ | २०६३/१०/२१ | पर्वत |
| २९ | त्रिवेणी | हुम माया गुरुङ | लोक बहादुर गुरुङ | धन बहादुर गुरुङ | सिर्सेकोट ६, स्याङ्जा | वालीङ न.पा १४, स्याङ्जा | ४२३०४५/६३१ | २०६३/१०/२८ | स्याङ्जा |
| ३० | त्रिवेणी | हेमा दर्जी | प्रकाश बहादुर दर्जी | रटन बहादुर दर्जी | बराचौर २, पर्वत | विहादी गा.पा २, पर्वत | १८६ | २०६९/१२/१५ | पर्वत |
| ३१ | त्रिवेणी | गिता गुरुङ | गम बहादुर गुरुङ | धन बहादुर गुरुङ | बराचौर २, पर्वत | विहादी गा.पा. २, पर्वत | ४१४०८ | २०६०/०७/०२ | पर्वत |
| ३२ | त्रिवेणी | जुनु वि.क | खडक बहनदुर विश्कर्मा | कविराज विश्कर्मा | टकलाक ३, पर्वत | पैयु गा.पा. १, पर्वत | ५१३०१२/२७३ | २०६३/११/१६ | पर्वत |
| ३३ | अर्जुनचौपारी | मिना बि.क | नेत्र बहादुर कामी | कासिराम कामी | अर्जुनचौपारी ६, स्याङ्जा | अर्जुनचौपारी ६, स्याङ्जा | ४२-०१-७७-००८७३ | २०७७/०८/०९ | स्याङ्जा |
| ३४ | अर्जुनचौपारी | चन्द्र कला खत्री क्षेत्री | तारा बहादुर खत्री | देवदत्त खत्री | अर्जुनचौपारी १, स्याङ्जा | अर्जुनचौपारी १, स्याङ्जा | ४२-०१-७३-०२६८० | २०७३/०७/०७ | स्याङ्जा |
| ३५ | अर्जुनचौपारी | डिल कुमारी खत्री | तारा बहादुर खत्री | देवदत्त खत्री | अर्जुनचौपारी १, स्याङ्जा | अर्जुनचौपारी १, स्याङ्जा | ७१३ | २०४६/०१/०६ | स्याङ्जा |
| ३६ | अर्जुनचौपारी | जमुना रोका क्षेत्री | जंग बहादुर रोका क्षेत्री | धन बहादुर रोका | अर्जुनचौपारी १, स्याङ्जा | अर्जुनचौपारी १, स्याङ्जा | ६००६३ | २०५७/०५/०७ | स्याङ्जा |
| ३७ | अर्जुनचौपारी | शान्ती सार्की | रन बहादुर सार्की | धन बहादुर सार्की | वालिङ न.पा. २, स्याङ्जा | अर्जुनचौपारी १, स्याङ्जा | ४२-०२-७६-०२६७९ | २०७६/०५/३० | स्याङ्जा |
| ३८ | साँखर | चुम बहादुर राना | गंगा बहादुर | कुल बहादुर | सहलकोट ९, पाल्पा | निस्दी पाल्पा | ९४८७४ | २०५९/०५/२६ | पाल्पा |
| ३९ | साँखर | मञ्जु वि.क | जंग बहादुर बि.क | लग बहादुर बि.क | क्याक्मी ९, स्याङ्गजा | हरिनास ६, स्याङ्गजा | ४२-०२-७५-०५२१७ | २०७५/१०/१० | स्याङ्गजा |
| ४० | साँखर | बसन्ती सुनार | बुद्धिबल सुनार | खगु बि.क. सुनार | क्याक्मी ९, स्याङ्गजा | हरिनास ६, स्याङ्गजा | ४२३०१६/४१ | २०६३/१०/२५ | स्याङ्गजा |
| ४१ | साँखर | रिना वि.क. | कृष्ण बहादुर बि.क | मन बहनदुर बि.क | चापाकोट ६, स्याङ्गजा | चापाकोट ६, स्याङ्गजा | ५३३०४४/४ | २०७०/०२/२६ | स्याङ्गजा |
| ४२ | साँखर | मोहन पोखेल | वोधराज पोखेल | डासू राज पोखेल | चापाकोट ६, स्याङ्गजा | चापाकोट ६, स्याङ्गजा | २४६८१ | २०६३/०५/०८ | स्याङ्गजा |
| ४३ | साँखर | तिल कुमारी थापा | देव बहादुर थापा | अम बहादुर थापा | तनहुँ ८, स्याङ्गजा | तनहुँ ८, स्याङ्गजा | ४२३०१६/२४० | २०६३/१०/२७ | स्याङ्गजा |
| ४४ | साँखर | निरमाया राना | भक्त कहदुर राना | जित बहादुर राना | क्याक्मी ३, स्याङ्गजा | क्याक्मी ३, स्याङ्गजा | ४२३०१६/१२० | २०७०/०२/१६ | स्याङ्गजा |
| ४५ | बायाटारी | शान्ती थापा सारु | जस बहादुर थापा सारु | भागिरथ थापा सारु | वालिङ १०, भकुण्डे | वालिङ १०, भकुण्डे | ४२२०३०/४९१ | २०६९/१२/०८ | स्याङ्गजा |
| ४६ | बायाटारी | सुमित्रा अर्याल | खुम शर्मा पंगेनी | पुर्ण चन्द्र पंगेनी | वालिङ ११, स्याङ्गजा | वालिङ ११, स्याङ्गजा | ४२२०४१५/१४७ | २०६८/०९/२० | स्याङ्गजा |
| ४७ | बायाटारी | टोम माया सार्की | कुमार एस.के | चन्द्र बहादुर सार्कि | बालिम ११, स्याङ्गजा | वालिङ १३, स्याङ्गजा | ४२२०४१/११/९७ | २०७१/१०/२५ | स्याङ्गजा |
| ४८ | बायाटारी | सिरजना दर्जी | बम बहादुर दमाई | प्रेम बहादुर दमाई | आनन्दवन ७, रुपन्देही | वालिङ ०८, स्याङ्गजा | २/३२७३३ | २०६३/०७/१९ | रुपन्देही |
| ४९ | बायाटारी | खिम कुमार दमाई | हेम बहादुर दमै | शिव बहादुर दमै | मल्याङ्गकोट ४, स्याङ्गजा | मल्याङ्गकोट ४, स्याङ्गजा | ४२२०१३/५२ | २०६६/१०/२५ | स्याङ्गजा |
| ५० | बायाटारी | सपना थापा | राजेन्द्र थापा | ज्ञान बहादुर थापा | सेखाम ०४, स्याङ्गजा | सेखाम ०४, स्याङ्गजा | ४२२०१८/६९० | २०७१/०७/२४ | स्याङ्गजा |
| ५१ | बायाटारी | शुशिला नेपाली | सागर नेपाली | धन बहादुर नेपाली | शालिग्राम २, पर्वत | शालिग्राम २, पर्वत | ५१०२७५/००९२० | २०७५/०९/०९ | पर्वत |
| ५२ | बायाटारी | नबिना थापा | सुमित राना | मन बहादुर राना | गल्याङ्ग ३, स्याङ्जा | गल्याङ्ग ३, स्याङ्जा | ५१०२/७५/००९२० | २०६१/०९/१० | स्याङ्गजा |
| ५३ | बायाटारी | हेमा सेन ठकुरी | डम्बर प्रताप सेन | डिल बहादुर सेन | बेउलिबास ३, पर्वत | बेउलिबास ३, पर्वत | ४१३०३५/१६७ | २०६३/११/०९ | पर्वत |
| ५४ | बायाटारी | फुल माया गुरुङ | हुम बहादुर गुरुङ | डिल बहादुर गुरुङ | मनकामना १, स्याङ्जा | मनकामना १, स्याङ्जा | ६७४१३ | २०६१/०३/३१ | स्याङ्गजा |
| ५५ | बायाटारी | सैदुन मिया | मोहमद मिया | जहर दिन मिया | पुतलीबजार ११, स्याङ्जा | पुतलीबजार ११, स्याङ्जा | ९७७५५ | २०६५/१२/२८ | स्याङ्गजा |
| ५६ | बायाटारी | तारा कुमारी दाहाल पौडेल | राम प्रसाद पौडेल | पुर्खराम पौडेल | वालिङ ११ स्याङ्गजा | वालिङ ११, स्याङ्गजा | २११ | २०४४/१२/१९ | मोरङ |
| ५७ | बायाटारी | गिता खनाल | टिकाराम खनाल | बालकृष्ण खनाल | खिलुङ देउराली ७, स्याङ्जा | खिलुङ देउराली ७, स्याङ्जा | ४९९९१ | २०५५/११/१० | स्याङ्गजा |
| ५८ | बायाटारी | याम कुमारी परियार | शुशिल दमै परियार | खुम बहादुर दमै | वालिङ २ स्याङ्गजा | वालिङ २, स्याङ्गजा | ४२/०२/७५/०३९९९ | २०७५/०१/०२ | स्याङ्गजा |

| क्र.सं. | शाखा कार्यालय | ऋणीहरुको नाम | श्रीमान/बाबुको नाम | बाजे/ससुराको नाम | ठेगाना | | नागरिकता प्रमाणपत्र | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | हालको | नम्वर | जारी मिति | जारी स्थान |
| ५९ | फेदिखोला | सुनिता सुनार | सुरेश सुनार | डल्ले सुनार | फेदिखोला ०३, स्याङ्जा | पुतलीबजार ०४, स्याङ्जा | ४२/०१/७७/०१२०४ | २०७७/०८/२४ | स्याङ्जा |
| ६० | फेदिखोला | मुना मिजार | बाबुराम मिजार | उम बहादुर सार्की | फेदिखोला ०४, स्याङ्जा | फेदिखोला ०४, स्याङ्जा | ७४८०१ | २०६७/११/२० | स्याङ्जा |
| ६१ | फेदिखोला | नन्द कुमारी वि.क. | पूर्ण बहादुर वि.क. | एकलाल वि.क. | फेदिखोला ०४, स्याङ्जा | फेदिखोला ०४, स्याङ्जा | ६६९२९ | २०५९/०२/०६ | स्याङ्जा |
| ६२ | फेदिखोला | टोपली पोखरेल क्षेत्री | खड्क बहादुर पोखरेल/क्षेत्री | उदयनन्द पोखरेल | पुतलिबजार ०४, स्याङ्जा | पुतलिबजार ०४ स्याङ्जा | ८८६५ | २०७५/०१/१९ | स्याङ्जा |
| ६३ | बलेटक्सार | साबित्रा रजाली | रमेश कुमार रजाली | श्याम बहादुर रजाली | विरबास ३, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ६०६७३ | २०६३/०३/२२ | गुल्मी |
| ६४ | बलेटक्सार | साबित्रा रजाली | सुरेस कुमार रजाली | गंज सि रजाली | विरबास ३, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | २७२८ | २०४४/०२/११ | गुल्मी |
| ६५ | बलेटक्सार | टोपकली रजाली | टोप बहादुर रजाली | श्याम बहादुर रजाली | विरबास ३, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ४१३०१६/२७९ | २०६३/११/२४ | गुल्मी |
| ६६ | बलेटक्सार | शान्ती रजाली | प्रविन रजाली | गंज सि रजाली | विरबास ३, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ४११०१६/१०८४३० | २०६९/०४/०७ | गुल्मी |
| ६७ | बलेटक्सार | टिका डम्मरपाल | हुम बहादुर डम्मरपाल | डुल बहादुर डम्मरपाल | विरबास ३, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ४१३०१६/२४६ | २०६१/११/२४ | गुल्मी |
| ६८ | बलेटक्सार | पार्वता सोमरे | भेष बहादुर सोमरे | बल बहादुर सोमरे | विरबास ३, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ४१३०१६/१२६७ | २०७०/०२/२१ | गुल्मी |
| ६९ | बलेटक्सार | मिना रजाली | प्रलाद रजाली | गंज सि रजाली | विरबास ३, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ४३६८६ | २०६१/०४/३२ | गुल्मी |
| ७० | बलेटक्सार | रेम कला पेमी | नेत्र बहादुर पेमी | जिवलाल पेमी | विरबास ९, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ४९६८५ | २०६२/०२/०२ | गुल्मी |
| ७१ | बलेटक्सार | प्रेमकली पेमी | भुन बहादुर पेमी | रुद्र बहादुर पेमी | विरबास ९, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ४११०१६/७०३०० | २०६४/११/०९ | गुल्मी |
| ७२ | बलेटक्सार | शिखा रेश्मी | बिस्नु रेश्मी | हर्क बहादुर रेश्मी | विरबास ९, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ५८२९२ | २०६२/१२/२१ | गुल्मी |
| ७३ | बलेटक्सार | धनमाया र्दलामी | बिष्णु बहादुर दर्लामी | बिर बहादुर दर्लामी | विरबास ४, गुल्मी | गुल्मीदरबार ४, गुल्मी | ४११०१६/१०५५०१ | २०६८/१२/१३ | गुल्मी |
| ७४ | बलेटक्सार | माया बुचा | माधव बुचा | जहर सि. बुचा | खर्ज्याङ्ग ९, गुल्मी | छत्रकोट ५, गुल्मी | ४१३०१४/४९६ | २०६३/११/११ | गुल्मी |
| ७५ | बलेटक्सार | दिलमाया सार्की | लाल बहादुर सार्की | पाराश्वर सार्की | हर्दिनेटा ३, गुल्मी | छत्रकोट ३, गुल्मी | ४१३०२४-२९८ | २०६३/१०/२३ | गुल्मी |
| ७६ | बलेटक्सार | सपना थापा पछाई | विजय पछाई | महादेव पछाई | रुरु ३, गुल्मी | रुरुक्षेत्र ६, गुल्मी | ४१-०१-७४-०२७९७ | २०७४/०४/११ | गुल्मी |
| ७७ | बलेटक्सार | साबित्रा खासु दंगाल | चन्द्र बहादुर दंगाल | श्याम बहादुर दंगाल | रिमुवा ६, गुल्मी | रुरुक्षेत्र ६, गुल्मी | ४११०२३/४११ | २०६४/०८/१२ | गुल्मी |
| ७८ | बलेटक्सार | रिमा रेगामी | पुर्ण बहादुर रेगामी | नेत्र बहादुर रेगामी | रिमुवा २, गुल्मी | रुरुक्षेत्र ६, गुल्मी | १०४१४/१९०८ | २०६०/०७/१६ | गुल्मी |
| ७९ | बलेटक्सार | सुन्तली दमै | फर्स बहादुर दमाई | धने दमाई | पल्लीकोट ७, गुल्मी | छत्रकोट २, गुल्मी | ४१३०१७/९९ | २०६३/११/१७ | गुल्मी |
| ८० | बलेटक्सार | देवकला वलाल | अनन्त बहादुर बलाल | वेद बहादुर बलाल | पल्लीकोट ३, गुल्मी | छत्रकोट २, गुल्मी | ५९५० | २०४४/११/२४ | गुल्मी |
